नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

## (जारी मिति: २०७८-०३-२७ गते बिहान ०७ बजे)

**नदीहरुको हालको अवस्था (Present River Status)**

**आज बिहानको मापन अनुसार महाकाली, कर्णाली, नारायणी, कोशी र सहायक नदीहरुमा बहाव सामान्य बढ्दो क्रममा छ र सवैमा सतर्कता तहभन्दा तलै रहेको छ ।**

**बाढी पूर्वानुमान (Flood Forecast)**

**पूर्वानुमान आज : असार-२७ गते आइतबार (विहान ७ बजे देखि २४ घण्टा)**

- कोशी र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने, नारायणी, कर्णाली र महाकालीका सहायक नदीहरुमा बहाव बढ्ने, कर्णाली र महाकाली जलाधरका केही साना सहायक नदीहरुमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- कन्काई, कमला, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटवढ हुने, बागमती, पूर्वी राप्ती लगायतमा बहाब केही बढ्ने र केही स-साना सहायक नदीहरुमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- प्रदेश १ को ताप्लेजुङ,सोलुखम्बु, संखुवासभा ओखलढुङ्गा, खोटाङ, सुनसरी, मोरङ, प्रदेश २ को बारा, पर्सा, सप्तरी, बागमती प्रदेशको दोलखा, सिन्धुपाल्चोक, रामेछाप, काठमाण्डौ, नुवाकोट, रसुवा, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, नवलपुर, स्याङ्गजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, बाग्लुङ, लुम्बिनी प्रदेशको पाल्पा, परासी, कपिलबस्तु, रुकुम पूर्व, बर्दिया, बाँकि, दाङ, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, रुकुम पश्चिम, जाजरकोट, कालिकोट, दैलेख, जुम्ला, मुगु, सुदूरपश्चिम प्रदेशको दार्चुला, बझाङ, बैतडी, डोटी, अछाम, कञ्चनपुर, कैलाली, डडेल्धुरा, बाजुरा र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ।

**पूर्वानुमान भोलि : असार- २८ गते सोमबार (विहान ७ बजे देखि २४ घण्टा)**

- नारायणी, कर्णाली र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने, कोशी, महाकाली र यिनका सहायक नदीहरुमा बहाव केही बढ्ने तर सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब समान्य घटबढ हुने, कन्काई, कमला, बागमती, पूर्वी राप्ती लगायतमा बहाब केही बढ्ने र केही साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- प्रदेश १, २, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

**पूर्वानुमान पर्सी : असार- २९ गते मंगलबार (विहान ७ बजे देखि २४ घण्टा)**

- कोशी, नारायणी, कर्णाली र यिनका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने, महाकाली र यसका सहायक नदीहरुमा बहाव केही बढ्न सक्ने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ,पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटवढ हुने र सवैमा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ ।
- प्रदेश १, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केही साना नदीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आज कर्णाली र महाकाली जलाधरका केही साना सहायक नदीहरुमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान रहेकाले तटीय क्षेत्र र डुबान भइरहने क्षेत्रहरूका क्रियाकलापमा उच्च सतर्कता अपनाउनहुन अनुरोध छ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3195)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## **थप जानकारीको लागि**

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।